# शैक्षिक ऋणको सदुपयोग गरौं

**प्रिय विद्यार्थी साथीहरू**

नेपालमा जति पनि राजनीतिक परिवर्तनहरू भएका छन् तिनमा सचेत, सिर्जनशील, जुझारु तथा देशभक्त युवा विद्यार्थीहरूको सङ्घर्षपूर्ण योगदान रही आएको छ । कतिपय आन्दोलनलाई उठाउने र तिनलाई उत्कर्षमा पुऱ्याउने काम विद्यार्थीहरूको सिर्जनात्मक जोडबलमा भएका ऐतिहासिक तथ्यहरू हाम्रा सामु छँदैछन् । राणशासनका विरुद्ध होस् या पञ्चायती व्यवस्थाका विरुद्ध, २०४६ सालको जनआन्दोलनका लागि होस् या ०६२/६३ को लोकतान्त्रिक आन्दोलनका लागि होस् विद्यार्थी आन्दोलनको योगदान स्वर्णाक्षरमा कुँदिएको छ । अधिकार प्राप्तिको लडाइँमा हामीले सफलता प्राप्त गरिसक्यौं अब प्राप्त उपलब्धिहरुलाई कार्यान्वयनमा लगेर राष्ट्रनिर्माणको दिशामा अघि बढ्नु हाम्रो दायित्व हो । बहुजातीय, बहुभाषिक, बहुधार्मिक नेपालको संस्कृति, दर्शन, प्रकृतिमाथि गर्व गर्ने जनशक्ति निर्माण र तिनको स्वदेशमै व्यवस्थापनमा विद्यार्थी आन्दोलनले ध्यान दिनुपर्छ । अनेरास्ववियु अन्याय र अत्याचार विरुद्ध हुने आन्दोलनको आँधी मात्र होइन यो त विज्ञान, दर्शन, साहित्य, कला, प्रविधि, कृषिलगायतका क्षेत्रमा पनि सिर्जनात्मक परिवर्तनको संवाहक हो त्यसकारण अबको शैक्षिक अभियान राजनीतिक विज्ञानका अतिरिक्त जीवन विज्ञानतर्फ केन्द्रित हुनुपर्छ र त्यसको नेतृत्व अनेरास्ववियुले गरेको छ ।

वि.सं. २०२२ जेष्ठ १ गते पञ्चायती कालरात्री माथि धावा बोल्दै सङ्घर्ष र आन्दोलनको गर्भबाट प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरूको एकमात्र साझा संस्थाको रूपमा अनेरास्ववियुको स्थापना भएको हो । अनेरास्वविवु निर्दलीय पञ्चायती व्यवस्था विरुद्ध बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न, निरङ्कुश राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न, विभिन्न समयमा भएका ऐतिहासिक राजनीतिक परिवर्तनका आन्दोलनहरूमा महत्त्वपूर्ण भूमिका खेलेको नेपाली विद्यार्थी आन्दोलनको नेता संगठन हो ।

ऐतिहासिक सन्दर्भमा अनेरास्ववियुको अगुवाईमा वि.सं २०२३ सालमा डिआइजी नारायण सिंह काण्डको आन्दोलन, २०३५ चैत २४ गते पाकिस्तानी पूर्व प्रधानमन्त्री जुल्फीकर अली भुट्टोमाथि त्यहाँको सैनिक शासक जिया उलहकले दिएको फाँसीका विरुद्ध नेपाल स्थित पाकिस्तानी दूतावासमा विरोध प्रदर्शन, पञ्चायती सरकारले २०३० सालमा संघ संस्था नियन्त्रण ऐन'को साहारामा स्ववियु र विद्यार्थी सङ्गठनमाथि लगाएको प्रतिबन्धलाई २०३६ जेठ ६ गते फुकुवा गराउने आन्दोलन, राष्ट्रिय स्वाधीनता जोगाउन कालापानी मार्च, मेचीकाली सांस्कृतिक जागरण अभियान, सीमा सुरक्षा अभियान, तत्कालीन शाहज्यादा पारस शाहद्वारा गायक प्रवीण गुरुङको हत्या विरुद्धको आन्दोलन, लाउडा प्रकरण विरोधी आन्दोलन, सांसद्को पेन्सन विरोधी आन्दोलन, पजेरो सुविधा विरोधी आन्दोलन, विद्यार्थीहरूलाई सार्वजनिक यातायात, स्वास्थ्य र मनोरन्जनका क्षेत्रमा ५० प्रतिशत विद्यार्थी सहुलियतको आन्दोलन, महँगी, भ्रष्टाचार, कालाबजारी, मूल्यवृद्धिका विरुद्धमा विभिन्न समयमा सम्पन्न भएका आन्दोलनहरूलाई सामाजिक परिवर्तन, शैक्षिक परिवर्तन र राष्ट्रिय स्वाधीनताको रक्षाका लागि महत्वपूर्ण मानिन्छ ।

देशमा चलिरहेको लामो सशस्त्र द्वन्दबाट मुलुकलाई ०६२/६३ को शान्तिपूर्ण जनआन्दोलन मार्फत शान्ति प्रकृयामा लगी गणतन्त्र स्थापनाको लागि र जनताले संविधान सभा मार्फत आफ्नो संविधान आफै लेख्ने ७० बर्ष देखिको चाहानालाई पुरा गर्न अनेरास्ववियुको अगुवाईमा भएको विद्यार्थी आन्दोलनको दबाब र वृहत शान्ति ऱ्याली महत्वपुर्ण मानिन्छ । मुलुकमा भएको उक्त राजनीतिक आन्दोलन पश्चात व्यवस्थित संठगन निर्माण गर्न अनेरास्वयिुको पहिलो पटक वि.सं. २०६७ मा प्रथम विधान महाधिवेशन दाङमा सम्पन्न भएको थियो । संगठनलाई शैक्षिक मुद्दामा केन्द्रित गर्न मुलुकको शिक्षा नीति र शैक्षिक एजेण्डाहरुमा छलफल गरी आगामी कार्यदिशा निर्धारण गर्न बृहत शैक्षिक सम्मेलनको आयोजना नेपालको विद्यार्थी आन्दोलनमा पहिलो पटक भएको थियो । त्यसैगरी प्राविधिक शिक्षालाई प्रबर्द्धन गर्न प्राविधिक प्रदर्शनी र शिक्षालाई उद्यमशिलतासंग जोड्न शैक्षिक प्रमाणपत्रका आधारमा सहुलियतपूर्ण कर्जा अनेरास्वयिुको अगुवाइमा भएको महत्वपुर्ण उपलब्धि मानिन्छन ।

## वर्तमान राजनीतिक परिवेश

हामी संविधान कार्यान्वयनको चरणबाट अगाडि बढिरहेका छौँ । संविधान जारी गर्दा देखा परेको प्रत्यक्ष बाह्य शक्ति राष्ट्रहरूको हस्तक्षेपका बाबजुद नेकपा एमालेको अगुवाइमा प्रमुख राजनीतिक दलहरूको सहमतिमा २०७२ सालमा संविधान जारी गर्न सफल भयौँ । संविधानले राज्यको पुनर्संरचना गरेसँगै संसदीय व्यवस्थासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौँ । कुनै खास दलको स्पष्ट बहुमत नआउनु र विचार सिद्धान्तका आधारमा भन्दा स्वार्थ प्रेरित अप्राकृतिक गठबन्धन निर्माण हुनुले राजनीतिक रूपमा स्थिर सरकार पाउन सकेका छैनौँ । दिनानुदिन बाह्य शक्तिकेन्द्रको हस्तक्षेप र त्यसका मतियारका रूपमा केही पार्टी र त्यसका नेताले समेत काम गरेको तथ्यले राष्ट्रियता गम्भीर सङ्कटमा परेको देखिन्छ ।

जनताले राजनीतिक परिवर्तन अनुरूप आफ्नो दैनिक जीवनमा परिवर्तनको महसुस गर्न सकेका छैनन् । अझै पनि गरिबी व्याप्त छ । सुशासनको प्रत्याभूति जनतालाई दिलाउन सकिएको छैन । बेरोजगारी र युवा पलायन जस्ता समस्या प्रबल बनेर आएका छन् । यी यावत परिस्थितिका कारण जनतामा राजनीतिक दल र विद्यमान व्यवस्था प्रति नै वितृष्णा पैदा भएको छ ।

अहिले राजनीतिमा नयाँ पुस्ताको आकर्षण बढेको छ तर युवा पुस्तालाई वैचारिक भन्दा विचारविहिन प्रियतावादी भेलले बढी प्रभावित गर्न खोजेको प्रतीत हुन्छ । यसले राजनीतिलाई झन अस्थिरता र अराजकतातर्फ धकेल्ने छ । नियमित स्ववियु चुनाव नहुँदा सुझबुझ र वैचारिक युवाविद्यार्थीहरू बिस्तारै राजनीतिक मञ्चहरूबाट ओझेल परिरहेका छन् । अनेरास्वविवु स्ववियुको मोर्चामार्फत युवा शक्तिलाई भोलिको नीति निर्माण तहदेखि मलुककै नेतृत्व गर्ने तहसम्म स्थापित गर्न चाहान्छ ।

संविधानले समाजवाद उन्मुख समाजको मार्ग खोलिदिएको छ । शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ तर संविधानको मर्म अनुसार समग्र शैक्षिक व्यवस्थामा सारभूत परिवर्तन हुन सकेको छैन । विश्वविद्यालयहरू प्राज्ञिक उनन्यको केन्द्रका रूपमा भन्दा परम्परागत शैलीमा अगाडि बढिरहेका छन् । समग्र शिक्षा प्रणालीमा निजीकरण हाबी हुँदै गएको छ । अपेक्षित गुणस्तर दिन नसक्दा सार्वजनिक शिक्षण संस्थाप्रति जनताको विश्वसनीयता घट्दो छ । त्यस्तै कक्षा १२ उत्तीर्ण गरेपछि विद्यार्थीहरूको विदेश मोह बढ्दो छ । युवा पलायन हुने क्रम बढिरहेको हुनाले भविष्यमा ब्रेन ड्रेनको अवस्था सिर्जना हुने प्रबल सम्भावना छ । हामी स्ववियुलाई एउटा राजनीतिक मञ्चमा मात्र सीमित नगरी समग्रमा विद्यार्थीहरूकै माझबाट उदाएको विद्यार्थीको हकहित र शैक्षिक मुद्दामा केन्द्रित, शैक्षिक प्रणालीको सुधारक, नेतृत्वदायी, वैचारिक तथा रचनात्मक साझा मञ्चका रूपमा विकास गर्न चाहान्छौँ । हामीहरू शैक्षिक क्षेत्रलाई सबैको पहुँचमा पुऱ्याउँदै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न चाहन्छौँ ।

## अनेरास्ववियुका प्रतिबद्धताहरू

### १. शिक्षामा सबैको पहुाच र निरन्तरताका लागि अनेरास्ववियुले के के पहल गर्ने ?

- शिक्षामा राज्यको लगानी वृद्धि गर्ने र निःशुल्क शिक्षाको लागि आवश्यक नीति तर्जुमा गर्न पहल गर्ने,
- सम्भाव्यता तथा आवश्यकताका आधारमा त्रिभुवन विश्वविद्यालयका ठुला आंगिक क्याम्पसहरूलाई स्वायत्त विश्वविद्यालयका रूपमा स्थापना गर्न पहल गर्ने,
- विश्वबजारको आवश्यकता अनुरूपको दक्ष जनशक्ति उत्पादन गर्न समयसापेक्ष नयाँ विषयहरूलाई विश्वविद्यालयहरूमा शैक्षिक कार्यक्रमका रूपमा सुरु गर्न पहल गर्ने,
- संस्कृत भाषा, आयुर्वेद चिकित्सा र पुर्वीय दर्शनको शिक्षालाई सबैको पहुँचमा पुऱ्याउने र शैक्षिक पर्यटनको विषय बनाउन पहल गर्ने,
- प्रत्येक प्रदेशमा IOE अन्तर्गतको आंगिक क्याम्पसहरू स्थापनाका लागि पहल गर्ने,
- ७७ वटै जिल्लामा कम्तीमा एक त्रि.वि.को आंगिक क्याम्पस स्थापनाको लागि पहल गर्ने,
- प्रत्येक प्रदेशमा एक सरकारी मेडिकल कलेजको अवधारण कार्यान्वयन गर्न, मेडिकल तथा स्वास्थ्य क्षेत्रको महँगो शुल्कलाई समायोजन गरी सर्वसाधारण जनताका छोराछोरीले समेत अध्ययन गर्न सक्ने व्यवस्था मिलाउन र चिकित्सा शिक्षा अध्यापन गराउने शिक्षण संस्थालाई गैर-नाफामुलक शिक्षण संस्थामा रूपान्तरण गर्न पहल गर्ने,
- कानुन विषयका लागि छुट्टै कानुन विश्वविद्यालय स्थापनाका लागि पहल गर्ने,
- एउटा क्याम्पस अथवा विभागमा भर्ना भएका विद्यार्थी अर्को क्याम्पसमा स्थानान्तरण हुँदा दोहोरो शुल्क तिर्नु पर्ने बाध्यताको अन्त्य गर्ने,

### २. गुणस्तरी शिक्षाका लागि अनेरास्ववियुले कस्ता पहल गर्ने ?

- विश्वविद्यालयमा सञ्चालित विभिन्न विषयका पााठ्यक्रमलाई उत्पादन, बजारीकरण, भूमण्डलीकरण (Globalization) तथा बदलिँदो आर्थिक वित्तीय प्रणालीका आधारमा प्रविधिमैत्री बनाउदै दक्ष जनशक्ति उत्पादन गर्ने गरी परिमार्जन गर्ने,
- विज्ञान तथा प्रविधि, कृषि, वन, मेडिसिन, इन्जिनियरिङ, भेटेरिनरी लगायतका विषयको पाठ्यक्रमका सन्दर्भमा प्रयोगात्मक पक्षलाई प्राथमिकता दिई सैद्धान्तिक पाटोमा ५० प्रतिशत र प्रयोगात्मक पाटोमा ५० प्रतिशत हुने गरी पाठ्यक्रम परिमार्जन गर्न पहल गर्ने,
- विभिन्न व्यावसायिक तथा पेसागत विषयहरूको (कानुन, इन्जिनियरिङ, मेडिकल, नर्सिङको परिषद् भए जस्तै कृषि, वन, शिक्षा लगायतका सम्पूर्ण विषयहरू) परिषद् गठन गर्न पहल गर्ने,
- चिकित्सा शिक्षा आयोगको समन्वयमा चिकित्सा शिक्षा अध्यापन गराउने विश्वविद्यालयहरू बीच समन्वय गरी समयसापेक्ष मेडिकल पाठ्यक्रम, परीक्षा प्रणलीमा एकरूपता ल्याउनका लागि पहल गर्ने,
- प्रविधिमैत्री सिकाइका लागि पहल गर्ने, इन्टर्नसीपका लागि सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गरी थप अवसरको सिर्जना गर्न पहल गर्ने,
- सामाजिक विज्ञानका विषयहरूलाई अनुसन्धात्मक बनाउने साथै नेपाल सरकार, सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी अनुसन्धानका परियोजनाहरू सञ्चालन गर्ने र त्यस्ता अनुसन्धानको एउटा हिस्साका रूपमा विद्यार्थीहरू सहभागी हुन पाउने व्यवस्था गर्ने,
- शिक्षाशास्त्र संकाय अन्तर्गतका पाठ्यक्रमलाई शिक्षक सेवा आयोगको परीक्षा पाठ्यक्रम अनुकुल परिमार्जन गर्ने, अभ्यास शिक्षणलाई (Teaching Practice) थप प्रभावकारी बनाउन स्थानीय तहसँग सहकार्य गरी कम्तीमा ६ महिना Paid Internship का रूपमा अनिवार्य अध्यापन गर्नुपर्ने व्यवस्था मिलाउन पहल गर्ने,

### ३. छात्रवृत्ति तथा छात्राबास व्यवस्थापनमा अनेरास्ववियुले कस्तो पहल गर्ने ?

- उच्च शिक्षामा छात्रवृत्ति कार्यक्रमलाई वृद्धि गर्न पहल गर्ने,
- लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न छात्रवृत्ति प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाउन पहल गर्ने,
- विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिएका निजी शिक्षण संस्थाहरूले १० प्रतिशत विद्यार्थीहरूलाई उपलब्ध गराउनुपर्ने छात्रवृत्तिको कोटालाई २० प्रतिशतमा वृद्धि गर्ने र छात्रवृत्ति पाउने विद्यार्थीहरूसित लिने अतिरिक्त शुल्क लिन तत्काल बन्द गर्न पहल गर्ने र त्यसको नियमित अनुगमन गर्ने,
- प्रत्येक क्याम्पसमा अनिवार्य सुविधासम्पन्न छात्राबासको व्यवस्था गर्न र छात्राबास भएको क्याम्पसहरुमा उचित पुर्वाधार निर्माण र व्यवस्थापन गर्न पहल गर्ने ।
- आयुर्वेद चिकित्सामा स्नातक/स्नातकोत्तर पढाइका लागि विदेशबाट प्राप्त हुने छात्रवृत्ति सिटलाई निश्चित मापदण्ड बनाई मेरिटका आधारमा न्यायोचित वितरण गर्ने पहल गर्ने,

### ४. परीक्षा प्रणाली चुस्त दुरुस्त बनाउन अनेरास्ववियुले कस्ता पहल गर्ने ?

- परीक्षा प्रणालीलाई वैज्ञानिक बनाउन वर्तमान परीक्षा प्रणालीमा परिमार्जन गर्ने र परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा परीक्षा सकिएको ३ महिना भित्रै प्रकाशन गर्ने गरी व्यवस्था मिलाउने,
- परीक्षा प्रणाली अन्तर्गत फर्म भर्ने, प्रवेश पत्र लिने, शुल्क तिर्ने, प्रमाणपत्र तथा ट्रान्सक्रीप्ट लिने सम्पूर्ण प्रकृयाहरू अनलाइन मार्फत गर्ने व्यवस्था मिलाउन पहल गर्ने,
- मेडिकल शिक्षाको परीक्षा प्रणाली अन्तर्गत ३ वर्षसम्म दिन पाउने मौका परीक्षाको प्रावधानलाई परिमार्जन गरी त्रिभुवन विश्वविद्यालयको अन्य विषयहरूमा भएको प्रावधान लागु गर्न पहल गर्ने,
- B.Sc. CSIT का विद्यार्थीहरूलाई त्रि.वि. का अन्य विषयहरू जस्तै मौका परीक्षा दिने व्यवस्था मिलाउन पहल गर्ने,
- उत्तरपुस्तिकाको रिटोटलिङ र रिचेकिङलाई औपचारिकताका लागि मात्र नभई व्यावहारिक रूपमा कार्यान्वयन गर्न पहल गर्नुका साथै कपी रिचेकिङ सम्बन्धी सर्वोच्च अदालतको फैसलालाई कानुन बनाई कार्यान्वयनमा ल्याउन पहल गर्ने,
- उपत्यका बाहिरका विद्यार्थीहरूलाई सम्बन्धित क्षेत्रीय कार्यालय मार्फत ट्रान्सक्रीप्ट उपलब्ध हुने व्यवस्था मिलाउन पहल गर्ने,
- आन्तरिक मुल्याङ्कन प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र व्यवस्थित गर्न पहल गर्ने तथा सबै शैक्षिक कार्यक्रमहरूमा अनिवार्य आन्तरिक मूल्याङकन प्रणाली लागु गर्न पहल गर्ने,

### ५. शैक्षिक प्रशासन सुधार तथा पूर्वाधार निर्माणमा अनेरास्ववियुले के के गर्ने ?

- प्राज्ञिक क्षेत्रको राजनीतिकरणलाई अन्त्य गर्दै विश्वविद्यालयका पदाधिकारीहरू तथा क्याम्पस प्रमुखहरू प्रतिस्पर्धात्मक प्रणालीबाट नियुक्त गर्ने कानुनी व्यवस्था गर्न पहल गर्ने,
- सम्पूर्ण विश्वविद्यालयहरूलाई अनिवार्य रूपमा शैक्षिक क्यालेन्डर निर्माण गर्ने र शैक्षिक क्यालेन्डर अनुसार शैक्षिक कार्यक्रम लागु गर्न पहल गर्ने,
- प्रत्येक क्याम्पसका भवनहरू समय समयमा मर्मतसम्भार तथा रङ्गरोगन गर्ने, महिलामैत्री तथा अपांगमैत्री शौचालयहरू निर्माण गर्ने, शौचालयहरू नियमित सफा गर्ने, सफा तथा शुद्ध खानेपानीको प्रबन्ध मिलाउने जस्ता कार्यका लागि पहल गर्ने,
- प्रत्येक क्याम्पसमा अनिवार्य क्यान्टिनको व्यवस्था गरी विद्यार्थीहरूलाई सुपथ मूल्यमा स्वास्थ्यवर्द्धक खानपानको व्यवस्था मिलाउन पहल गर्ने,
- प्रत्येक क्याम्पसहरूमा अनिवार्य अपांगमैत्री पूर्वाधार निर्माण गर्न पहल गर्ने,
- भेटेरिनरी विषय पढाइ हुने विश्वविद्यालयको केन्द्रीय क्याम्पस र सम्बन्धन लिएका आंगिक क्याम्पसमा अनिवार्य भेटेरिनरी हस्पिटलको स्थापना गर्न पहल गर्ने,
- दक्ष इन्जिनियरहरू उत्पादन गर्न इन्जिनियरिङ विषयको अध्ययन, अनुसन्धान र अध्यापनमा प्रभावकारी हुने गरी भौतिक पूर्वाधार तथा प्रयोगशाला निर्माणका लागि पहल गर्ने,
- विज्ञान विषयको अध्ययन, अनुसन्धान र अध्यापनमा प्रभावकारी हुने गरी भौतिक पूर्वाधारहरू जस्तै आधुनिक प्रविधियुक्त कक्षा कोठाहरू, आधुनिक सेवा सुविधायुक्त विषयगत प्रयोगशालाहरू तथा सेमिनार हल निर्माणका लागि पहल गर्ने,
- त्रि.वि. अन्तर्गत सञ्चालन भएका BBA, BA.LLB, BBM, BTTM, BHM, BCA लगायतका सम्पूर्ण शैक्षिक कार्यक्रमलाई त्रि.वि.को प्राइभेट कार्यक्रमबाट नियमित कार्यक्रममा लैजान पहल गर्ने,
- त्रि.वि को स्नातकोत्तर तह अन्तर्गत MBA कार्यक्रमलाई केन्द्रीय क्याम्पससँगै अन्य त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरूमा सम्बन्धनका लागि पहल गर्ने,

- आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूमा प्रविधिमैत्री पूर्वाधार जस्तै कम्प्युटर ल्याब, इन्टरनेट, डिजिटल ह्वाइट बोर्ड, प्रोजेक्टर आदिको व्यवस्था गर्न पहल गर्ने,
- विदेशका विभिन्न विश्वविद्यालयहरू तथा अर्न्तराष्ट्रिय स्तरका पुस्तकालयसँग समन्वय गरी विद्यार्थीहरूलाई लाइब्रेरी एक्सेसमा पहल गर्ने तथा सबै क्याम्पसहरूमा आधुनिक सुविधा सम्पन्न लाइब्रेरी र इ-लाइब्रेरी स्थापनाका लागि पहल गर्ने,
- त्रि.वि. तथा अन्य विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निजी शिक्षण संस्थाहरूले विश्वविद्यालयको मापदण्डलाई छल्न विभिन्न शीर्षक राखी मापदण्ड भन्दा बढी शुल्क लिने गरेकामा निजी शिक्षण संस्थाहरूको शुल्कको विषयमा नियमन गरी चर्को शुल्क लिनेलाई कार्बाहीका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्न पहल गर्ने,
- प्राइभेट परीक्षाको विकल्पमा खुल्ला सिकाई तथा दुरशिक्षा अध्ययन प्रणालीका लागि पहल गर्ने,
- प्राध्यापक, कर्मचारी र विद्यार्थी बीचको पारस्परिक सम्बन्ध हार्दिकताका आधारमा अगाडि बढाई निरन्तर सहकार्यको वातावरण निर्माण गर्ने,
- सबै क्याम्पसहरूमा पर्याप्त खेल मैदान तथा बहुउदेश्यीय हलहरूको निर्माण गरी इन्डोर तथा आउटडोर खेलहरू खेल्ने प्रबन्ध मिलाउन पहल गर्ने,
- स्ववियुकै पहलमा प्रत्येक विद्यार्थीहरूको अनिवार्य बैंक खाता खोल्ने तथा विद्यार्थीहरूमा वित्तीय साक्षरता सम्बन्धी चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू आयोजना गर्ने,
- सबै क्याम्पसहरूमा सेनिटरी भेन्डिङ मेसिनहरू व्यवस्था गर्ने,
- सबै क्याम्पसहरूमा चेन्जिङ रुम, रिफ्रेस सेन्टर, आवश्यकताअनुसार क्याफेटेरिया, सैलुनको व्यवस्था गर्ने,
- विश्वविद्यालय केन्द्रीय पुस्तकालय र क्षेत्रीय पुस्तकालयहरूलाई २४ घण्टा नै सञ्चालन गर्न पहल गर्ने,

## ६. विदेशी विश्वविद्यालयका नेपाली विद्यार्थीहरूसँगको सम्बन्धलाई प्रभावकारी बनाउन अनेरास्ववियुले के के गर्ने ?

- विश्वविद्यालयको पहलमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, कार्यशालाहरू आयोजना गरी विश्वविद्यालयलाई Opinion Maker संस्थाका रूपमा विकास गर्ने,
- विश्वविद्यालयहरूमा सैद्धान्तिक ज्ञानका अलावा विभिन्न Co-curricular गतिविधिहरू जस्तै अनुसन्धान, विभिन्न स्वदेशी र विदेशी शिक्षण संस्थाहरुबीच Student Exchange, Summer Schools, Winter Schools, विभिन्न विषयहरूमा Short Term Courses, सभा, सम्मेलन, सेमिनार, गोष्ठी आयोजना गर्ने तथा आयोजना गर्न पहल गर्ने,
- विदेशी विश्वविद्यालयहरूसँग समन्वय गरी पाठ्यक्रम परिमार्जन, अनुसन्धान केन्द्रहरूको स्थापना, Faculty Exchange कार्यक्रमहरू आयोजना गर्न पहल गर्ने,
- परराष्ट्र मन्त्रालय अन्तर्गतको Brain Gain सेन्टरलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत ल्याई Brain Drain को समस्या समाधान, विश्वविद्यालय तथा समग्र शैक्षिक प्रणालीमा सुधार गर्न विदेशमा अध्ययन गरी ज्ञान तथा सीप हासिल गर्ने नेपालीहरूलाई नेपालमै ज्ञान-सीपको आदान प्रदान गर्न मिल्ने वातावरण सिर्जना गर्न पहल गर्ने,
- नेपाली विद्यार्थीहरूले विदेशमा प्राप्त ज्ञान-सीप क्षमतालाई देशको विकास तथा समृद्धिसँग जोड्न समन्वयात्मक भूमिका खेल्ने ।

## ७. रोजगारीमूलक शिक्षाका लागि अनेरास्ववियुले के के गर्ने ?

- विश्वविद्यालयमा रोजगार समन्वय केन्द्र/करियर सेन्टर (Career Center) स्थापना गरी जनशक्ति मागको अध्ययन अनुसन्धान गर्ने, उत्पादित जनशक्तिलाई विश्वविद्यालयको सहकार्यमा Job Placement परियोजना सञ्चालन गर्न पहल गर्ने,
- स्ववियुको पहलमा विभिन्न सेवा आयोग (लोक सेवा आयोग, शिक्षक सेवा आयोग तथा विश्वविद्यालय सेवा आयोग) का प्रतिस्पर्धात्मक परीक्षाहरू सम्बन्धी अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने,
- विज्ञान विषयको अध्ययन पश्चात् अध्यापनको क्षेत्रबाहेक अन्य रोजगारी सिर्जना गर्न विज्ञान सम्बन्धी आविष्कार तथा अनुसन्धान केन्द्रहरू स्थापना र राज्यको लगानी वृद्धि गरी विज्ञान विषयलाई उद्यमशीलतासँग जोडी रोजगारीको क्षेत्र विस्तार गर्ने गरी परियोजनाहरू सञ्चालन गर्न पहल गर्ने,
- अनेरास्ववियुको पहलमा सञ्चालनमा आएको शैक्षिक प्रमाणपत्रलाई धितो राखी व्यावसायिक ऋणलाई प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने, व्यवसायिक ऋणसँगै शैक्षिक ऋण प्रदान गर्ने विषयमा नीतिगत पहल गर्ने,
- स्ववियुको पहलमा प्रत्येक क्याम्पसहरूमा Idea Bank / Incubation Centre स्थापना गरी उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू आयोजना गर्ने ।

## विद्यार्थी कल्याणका लागि अनेरास्ववियुले के गर्ने ?

- प्रत्येक आंगिक क्याम्पसमा आकस्मिक/प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गर्ने,
- बहालमा बस्ने विद्यार्थीहरूलाई विद्युत महसुलमा २५ युनिट सम्म नि:शुल्क प्रयोग गर्न पाउने छुटको व्यवस्था गर्न पहल गर्ने,
- स्थानीय तहको सरकारसँग समन्वय गरी बहालमा बस्ने विद्यार्थीहरूलाई घरभाडा छुटको व्यवस्था मिलाउन पहल गर्ने,
- अनेरास्ववियुको आन्दोलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको सार्वजनिक यातायातमा ४५ प्रतिशत भाडा छुटको व्यवस्थालाई प्रभावकारी कार्यान्वयवन गर्न, लामो दुरीको यातायातमा अनिवार्य छुटको व्यवस्था मिलाउन पहल गर्ने,
- सडक सञ्जालले नजोडिएका विकल्पविहिन हवाई यात्रामा विद्यार्थी छुटका लागि पहल गर्ने,
- बहालमा बस्ने विद्यार्थीहरूका लागि खाना पकाउने ग्याँसमा सहुलियतका लागि पहल गर्ने,
- विद्यार्थीहरूको स्वास्थ विमालाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने,
- आम विद्यार्थीको सरोकारका विषयहरुमा छलफल, विचार तथा विमर्श गर्न देश भरिका स्ववियु अध्यक्षहरु सदस्य रहने गरी एक स्ववियु संसद (FSU Parliament) स्थापना गर्ने ।

## अनेरास्ववियुले स्ववियुलाई कसरी विकास गर्न चहान्छ ?

- विद्यार्थीहरूको नेतृत्वदायी, हक हित तथा कल्याणका लागि निरन्तर लाग्ने, बौद्धिक र रचनात्मक फोरमको रूपमा,
- युवा विद्यार्थीहरूलाई सिकाई, अध्ययन, अनुसन्धान तथा वैचारिक क्रियाकलापमा निरन्तर आबद्ध गराउन गोष्ठी, Group Discussion, Lecture Series, Book Review, सेमिनार, कार्यपत्र प्रस्तुति, भित्ते पत्रिका तथा जर्नल प्रकाशनहरू आयोजना गर्ने,
- Making Next Generation Leaders को अवधारणाका आधारमा Model Youth Parliament, Model United Nations, Parliamentary Debate लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने,
- स्ववियु अन्तर्गत आवश्यकता अनुसार Sports Club, Literature Club, Debaters Club, Drama Club लगायतका सन्दर्भ समुहरूको गठन गरी विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि पहल गर्ने,

## हाम्रा विशेष प्रतिबद्धताहरू

- विश्वविद्यालय तथा क्याम्पसहरूलाई बन्दरहित सम्मानित क्षेत्रका रूपमा विकास गर्न तालाबन्दी, तोडफोड, आगजनी जस्ता ध्वंसात्मक क्रियाकलापको विपक्षमा रहने,
- आन्दोलनका नाममा हुने पदाधिकारी, प्राध्यापक, कर्मचारी माथिको व्यक्तिगत आक्रमण तथा दुर्व्यवहारको विपक्षमा रहने,
- आर्थिक पारदर्शिता र प्राज्ञिक सुशासन कायम गर्ने,

## अनेरास्ववियुको मुख्य २३ प्राथमिकताहरु

(१) अनिवार्य र नि:शुल्क माध्यामिक शिक्षा - सस्तो, सर्वसुलभ र गुणस्तरीय उच्च शिक्षा ।
(२) अनुसन्धानका विद्यार्थीलाई Research Grant - अत्याधुनिक ल्याव, प्रविधि मैत्री आधुनिक पूर्वाधार ।
(३) Scientific Academic Calendar & its Strong Implementation
(४) विद्यार्थीको फर्म, भर्ना र रिजल्ट अनलाइनबाट ।
(५) सम्पुर्ण क्याम्पसहरुमा E-Library
(६) शान्त, सफा र सुन्दर शिक्षालय, प्राज्ञिक वातावरण, प्रविधिमैत्री कक्षा कोठा ।
(७) क्याम्पसहरुमा Idea Bank, Information & Incubation Centre
(८) विद्यार्थीलाई विद्युत सहुलियत, Internet र Data सुविधा ।
(९) मौलिक प्राकृतिक स्रोतमुखी उद्यम - स्व-रोजगारमुखी शिक्षा प्रणाली ।
(१०) नेपाली मौलिक संस्कृतिको रक्षा - राष्ट्रिय स्वाधीनता र स्वाभिमानको पहरा
(११) निर्माण र सिर्जनाको बाटोमा विद्यार्थी आन्दोलन - तालाबन्दी रहित विश्वविद्यालय ।
(१२) स्वस्थ प्रतिस्पर्धाबाट दक्ष र सम्मानित विश्वविद्यालयको नेतृत्व ।
(१३) मेडिकल शिक्षामा सर्वसाधारणको पहुँच ।
(१४) शिक्षण संस्थामा नेतृत्व विकासको तालिम र Advance Career Counselling
(१५) स्ववियुको नेतृत्वमा Thematic Club हरुको स्थापना र Active Function
(१६) सम्पुर्ण विश्वविद्यालयहरुमा Career Research Unit/Job Placement Centre
(१७) नेपाल संस्कृत विश्वविद्यालय: पूर्वीय दर्शन, संस्कृत भाषा र आयुर्वेद शिक्षा अध्ययन र अनुसन्धानको हब ।
(१८) कृषि तथा वन विश्वविद्यालय: कृषि, भेटेरिनरी र वन विषयका दक्ष प्राविधिक जनशक्ति उत्पादनको पर्याय ।
(१९) शिक्षाको विकेन्द्रीकरण मध्य पश्चिम वि.वि. र सुदुर पश्चिम वि.वि. को स्तरोन्नति ।
(२०) लुम्बिनी विश्वविद्यालय: बौद्ध दर्शन मार्फत शैक्षिक पर्यटनको विकास ।
(२१) जहाँ नेपाली विद्यार्थी, त्यहाँ सिकाईको सञ्जाल ।
(२२) पर्यटन उद्योगको लागि पर्यटनलाई सिकाई र उद्यमशीलतामा जोड्ने गरी पर्यटन शिक्षा ।
(२३) आम विद्यार्थीको सरोकारका विषयहरु छलफल, विचार तथा विमर्श गर्न स्ववियु संसद (FSU Parliament) स्थापना ।

**सार्वजनिक यातायातका क्षेत्रमा ४५% छुटको सदुपयोग गरौँ**

**त्रि. वि. शिक्षण अस्पताल तथा मनोरञ्जनका क्षेत्रमा ५०% छुटको सदुपयोग गरौँ**

**नि:शुल्क शिक्षा, स्वास्थ्य, दिगो स्वरोजगार सहितको समृद्ध नेपाल निर्माण हाम्रो अठोट !**
**प्राज्ञिक उन्नयन र युवा वर्गको सबल नेतृत्व निर्माणका लागि अनेरास्ववियुलाई भोट !!**

# अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)

# प्रतिबद्धता-पत्र

## स्ववियु निर्वाचन २०७९

